**This Question Paper consists of 13 questions and 8 printed pages.**
**यस प्रश्न–पत्रमा 13 प्रश्न र 8 मुद्रित पृष्ठ छ।**

**Roll No.**
**अनुक्रमांक**

**Code No. 69/S/A/N**
**कोड नं.**

**Set / सेट – A**

# NEPALI
# नेपाली
# (231)

**Day and Date of Examination**
**(परीक्षाको दिन अनि दिनाङ्क)** ______________________

**Signature of Invigilators**
**(निरीक्षकहरूको हस्ताक्षर)** **1.** ______________________

**2.** ______________________

**सामान्य अनुदेश :**

1 परीक्षार्थीले आफ्नो रोल नम्बर प्रश्न–पत्रको प्रथम पृष्ठमा लेख्नु पर्नेछ।

2 प्रश्न–पत्रको कुल पृष्ठ संख्या र कुल प्रश्न संख्या प्रश्न–पत्रको प्रथम पृष्ठको माथिल्लो कुनामा लेखिएको छ। प्रश्न–पत्रको पृष्ठ संख्या पूरा छ या छैन जाँच्नको निम्ति कृपया त्यस संख्यासँग दाजेर हेर्नोस्। प्रश्न अनुवर्ती क्रममा छ/छैन त्यो पनि जाँच्न आवश्यक छ।

3 वस्तुनिष्ठ प्रश्नहरूका दिइएको चार विकल्पहरू (A), (B), (C) अथवा (D) देखि कुनै एउटामा दिइएको उत्तर–पुस्तिकामा चिह्नित गर्नोस्।

4 वस्तुनिष्ठ प्रश्नहरूसँग सबै प्रश्नहरूका उत्तर निर्धारित समयमा लेख्नु पर्नेछ अनि वस्तुनिष्ठ प्रश्नहरूका उत्तरलाई कुनै अतिरिक्त समय–सीमा निश्चित छैन।

5 उत्तर–पुस्तिकामा परिचयको कुनै चिह्न बनाइएको अथवा निर्दिष्ट स्थान वाहेक अन्य कुनै पनि ठाउँमा रोल नम्बर लेखिएको पाइए, परीक्षार्थीलाई अयोग्य ठहराइन्छ।

6 उत्तर–पुस्तिकामा आफ्नो प्रश्न–पत्रको कोड नं. **69/S/A/N, सैट – A** लेख्नुहोस्।

**NOTE / निर्देश :**

(1) Answers of all questions are to be given in the Answer-Book given to you.
सभी प्रश्नों के उत्तर आपको दी गयी उत्तर पुस्तिका में ही लिखें।

(2) 15 minutes time has been allotted to read this question paper. The question paper will be distributed at 02.15 p.m. From 02.15 p.m. to 02.30 p.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period.
इस प्रश्न–पत्र को पढ़ने के लिए 15 मिनट का समय दिया गया है। प्रश्न–पत्र का वितरण दोपहर में 02.15 बजे किया जाएगा। 02.15 बजे से 02.30 बजे तक छात्र केवल प्रश्न–पत्र को पढ़ेंगे और इस अवधि के दौरान वे उत्तर–पुस्तिका पर कोई उत्तर नहीं लिखेंगे।



Unnati Educations
9899436384, 9654279279

# NEPALI

# नेपाली

# (231)

**समय : 3 घण्टा** **पूर्णाङ्क : 100**

**निर्देश :** (i) **सबै** प्रश्नको उत्तर अनिवार्य छ र प्रत्येक प्रश्नको अङ्क छेउमा दिइएको छ।

(ii) यस प्रश्नपत्रमां **तीन** खण्ड – खण्ड–'क', खण्ड–'ख' र खण्ड–'ग' छन्।

(iii) यस प्रश्नपत्रमा कुल **13** प्रश्नहरू छन्।

## खण्ड – क

**1** निम्नलिखित गद्यांश ध्यानपूर्वक पढ़ी तला सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस्: **1×6=6**

(कुनै छवटा)

राष्ट्रिय एकताको अभिप्राय सम्पूर्ण भारतको आर्थिक, सामाजिक, राजनैतिक औ वैचारिक एकता स्थापना गर्नु हो। हाम्रो पूजा–पाठ, खान–पान, रहन–सहन औ वेष–भूषामा अन्तर हुन सक्छ। यसमा अनेकता पनि हुनसक्छ तर राजनैतिक औ वैचारिक दृष्टिकोणमा एकता छ। यसप्रकार अनेककतामा एकता नै भारतको एउटा विशेषता हो। सामाजिक, सांस्कृतिक तथा साहित्यिक दृष्टिले एक हुनु नै एकताको वास्तविक अर्थ हो।

वर्तमान समयमा राष्ट्रिय एकता बचाएर राख्नु अत्यन्त आवश्यक छ। यसलाई बचाउनका निम्ति घेरै उपायहरू छन्। सर्वधर्म समभावको भावना लिएर सबै धर्मलाई समान रूपले आदर गरे धार्मिक सामञ्जस्य कायम हुन्छ। यसो गर्नु राष्ट्रिय एकताका निम्नि अत्यन्त आवश्यक छ। एकतामा विश्वास राख्नाले पनि राष्ट्रिय एकताको भावना बलियो हुन्छ। शिक्षाको उचित प्रचार–प्रसार नभएसम्म राष्ट्रिय एकता हुन सक्दैन। यसैले उचित शिक्षा व्यवस्था लागू गरिनुपर्छ। राजनैतिक वातावरण स्वच्छ बनाउनु पनि राष्ट्रिय एकताका निम्नि अनिवार्य विषय हो।



**Unnati Educations**
**9899436384, 9654279279**

आज विकासका साधन बढिरहेका छन्, भौगोलिक दूरी घटिरहेको छ तर मानिस–मानिसका बिचमा दूरी बढ्दै गइरहेको छ। हामी सबैले मिलेर राष्ट्रिय एकताका लागि प्रयास गर्नुपर्छ, यसले गर्दा भारत एउटा सबल राष्ट्र बन्न सक्छ।

(i) राष्ट्रिय एकताको अभिप्राय सम्पूर्ण भारतको

(A) आर्थिक एकता स्थापना गर्नु

(B) सामाजिक–राजनीतिक एकता स्थापना गर्नु

(C) राजनैतिक र वैचारिक एकता स्थापना गर्नु

(D) उपर्युक्त सबै

(ii) 'सर्वधर्म समभाव' भनेको के हो ?

(A) समुदाय पूजा–पाठ (B) भजन–कीर्तन

(C) सबै धर्मका सम्मान (D) आफनो धर्म का सम्मान

(iii) राष्ट्रिय एकता बलियो हुन्छ

(A) आर्थिक विकासले (B) धार्मिक मान्यताले

(C) सामाजिक विकासले (D) एकतामा विश्वासले

(iv) राष्ट्रिय एकताका निम्नि अनिवार्य विषय छैन

(A) साम्प्रदायिकता (B) शिक्षाको प्रसार

(C) राजनैतिक समरसता (D) वैचारिक एकता

(v) भारत कसरी एउटा बलियो राष्ट्र बन्न सक्छ ?

(A) आर्थिक विकासले (B) सामाजिक विकासले

(C) राष्ट्रिय एकताले (D) धार्मिक समन्वयले

(vi) उपर्युक्त गद्यांशको उपयुक्त शीर्षक हो।

(A) सशक्त राष्ट्र (B) राष्ट्रिय एकता

(C) राष्ट्र धर्म (D) देशको सर्वाङ्गीन विकास

(vii) राष्ट्रिय एकतामा बाधक हो।

(A) विविधतामा एकता (B) सर्वधर्म समन्वय

(C) साम्प्रदायिकता (D) एकतामा विश्वास



Unnati Educations
9899436384, 9654279279

2 तलका प्रश्नहरूका चार विकल्पमध्ये सही विकल्पलाई उत्तर पुस्तिकामा चिह्नित गर्नु पर्छः 1×4=4

(i) भाषाको प्रयोगमा सही–सही शब्दहरू चुनेर प्रयोग गर्नुलाई के भनिन्छ?

(A) विचारक्रम (B) सार्थकता

(C) शब्दचयन (D) वाक्य

(ii) भाषालाई प्रभावशाली बनाउनमा के को ठूलो महत्व छ?

(A) रस (B) अलङ्कार

(C) शीर्षक (D) भाषा

(iii) शैलीगत भाषा प्रयोगले अभिव्यक्ति हुन्छ

(A) प्रभावशाली (B) अप्ठैरो

(C) सजिलो (D) न राम्रो

(iv) कसैले बोलेको कुरालाई जस्ताको त्यस्तै प्रयोग गर्दा कुन चिन्ह लगाउनु पर्छ?

(A) योजक (B) निर्देशक

(C) उद्धरण (D) अर्ध विराम

3 निम्नलिखित प्रश्नहरूको सही विकल्प चयन गर्नुहोस्: 1×5=5

(i) पत्रहरूका कति प्रकार हुन्?

(A) चार (B) पाँच

(C) दुइ (D) तीन

(ii) पिताले पुत्रलाई लेखेको पत्र के को अन्तर्गत हो?

(A) औपचारिक (B) व्यापारिक

(C) अनौपचारिक (D) सरकारी

(iii) औपचारिक पत्रका अन्तर्गत छैन

(A) प्रार्थना पत्र (B) व्यावसायिक पत्र

(C) पारिवारिक पत्र (D) सरकारी पत्र

(iv) खामको पिठिउँमा दिनु पर्छ

(A) पाउने मानिसको उमेर (B) पाउने मानिसको आम्दनी

(C) पाउने मानिसको धर्म (D) पाउने मानिसको ठेगाना

(v) पत्रका मुख्य अङ्ग छैन

(A) सम्बोधन (B) पत्रको गराई

(C) पत्रको मूल्य (D) प्रेषकको ठेगाना



Unnati Educations
9899436384, 9654279279

**4** निम्नलिखित प्रश्नहरूका सही विकल्प चयन गर्नुहोसः **1×5=5**

(i) निबन्ध शब्दमा 'नि' को व्याकरणिक कोटि हो

(A) उपसर्ग (B) प्रत्यय

(C) लिंग (D) वचन

(ii) निबन्ध मुख्यतः कति प्रकारका छन् ?

(A) दुइ (B) तीन

(C) चार (D) पाँच

(iii) मननशीलता र तर्क कुन् प्रकार निबन्धका विशेषता हुन् ?

(A) विवरणात्मक निबन्ध (B) सहज निबन्ध

(C) वर्णनात्मक निबन्ध (D) विचारात्मक निबन्ध

(iv) निबन्धको प्रारम्भिक भाग के हो ?

(A) उपसंहार (B) विषय प्रवेश

(C) मध्य (D) प्रस्तावना

(v) शैलीको अर्थ के हो ?

(A) अलङ्कार (B) अनुप्रास

(C) उपसर्ग (D) ढङ्ग

## खण्ड – ख

**5** निम्नलिखित वस्तुनिष्ठ प्रश्नहरूको एक वा दुइ शब्दमा उत्तर लेख्नुहोस्: **1×10=10**

(i) 'आमा' कविताका कवि के हुन् ?

(ii) 'आमा' कविताका कविको जन्मभूमि के हो ?

(iii) सबै प्राणीलाई कुन भाषा अति मीठो लाग्छ ?

(iv) उज्यालो हन अधि बेलालाई के भनिन्छ ?

(v) 'उत्तरतिर कंस करायो' कवितामा कंस कसको प्रतीक हो ?

(vi) 'साहित्यिक होली' कवितामा 'शारदा' र 'गोर्खा' के हुन ?

(vii) 'कवि र कविता' अनुसार भाग्यको निर्माता के हो ?

(viii) कवि घिमिरे कुन छन्दका प्रेमी छन् ?

(ix) लक्ष्मीप्रसाद देवकोटाले कसलाई आफ्नो घरबार सम्झन्छन् ?

(x) लेखनाथ कुन भावधाराका कवि हुन ?



Unnati Educations
9899436384, 9654279279

6 तलका वस्तुनिष्ठ प्रश्नहरूको एक अथवा दुइ शब्दमा उत्तर लेख्नुहोस्: 1×10=10

(i) ''इच्छाको जन्म अभावको ज्ञान हुनाले हुन्छ।'' कुन पाठबाट उद्धत हो?

(ii) कसले कवितालाई 'जीवनको समालोचना' भनेका थिए?

(iii) 'प्यारो सपना र अन्य लेखहरू' का लेखक के हुन्?

(iv) 'हुकी' कुन भाषाको शब्द हो?

(v) श्रव्य काव्य के लाई भनिन्छ?

(vi) 'त्रिकोण' का घटनाहरू कुन समयका हुन्?

(vii) ''छि: छि: छि! जाबो कुकुरको लागि यत्रो गन्थन?'' यसको वक्ता के हो?

(viii) 'मृगतृष्णा' का पात्र हरूलाई कुन नाम प्रयोग भयेको छ?

(ix) 'पद्मा' कसको आधारमा लेखिएको छ?

(x) नेपाली भाषाको दर्खास्त रद्द भए हामीले के गर्नु पर्छ?

7 अधोलिखित प्रश्नहरूको निर्देशानुसार उत्तर लेख्नुहोस्: 1×10=10

(i) विपरीतार्थक शब्द लेख्नुहोस् – अद्भुत

(ii) 'अप' उपसर्ग जोड़ेर एउटा शब्द–रचना गर्नुहोस्।

(iii) 'अध्यादेश' को सन्धि–विच्छेद गर्नुहोस्।

(iv) 'दशगजा' कुन समासको अन्तर्गत हो?

(v) 'उत्तर' शब्दका दुइवटा अर्थ लेख्नुहोस्।

(vi) समध्वनिमूलक शब्दहरूका अर्थ स्पष्ट गर्नुहोस् – अपेक्षा–उपेक्षा।

(vii) 'हातको मैला' वाग्धाराको अर्थ लेख्नुहोस्।

(viii) 'बाँदरको पुच्छर, लौरो न हतियार' भनेको के हो?

(ix) 'धुमक्कड' मा हुने प्रत्यय बताउनुहोस्।

(x) मैले भात खाए। – यस वाक्यमा कुन विभक्ति छ?



Unnati Educations
9899436384, 9654279279

## खण्ड – ग

**8** निम्नलिखित गद्यांश ध्यानपूर्वक पढ़ी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोसः

अक्टुबर महीनाको सन् १९५२ को दोस्रो स्वीस अभियानमा पनि श्री तेञ्जिडले भाग लिएका थिए। यस अभियानमा तिनले पर्वत चढनामा अलौकिक शक्ति देखाए। तिनको यस्तो शक्ति देखेर यस दलका नेता डाक्टर चेभाली अवाक् भए। सबै पर्वतारोहीहरु हिउँमा थकित हुँदा पनि श्री तेञ्जिडले अपूर्व शक्ति र उत्साह लिएर पर्वत चढ्नामा किञ्चित् पनि पछि हटनन् भनी तिनले तेञ्जिडका विषयमा वर्णन गरेका थिए श्री तेञ्जिड शेर्पालाई पर्वत आरोहणमा खूबै निपुण देखेर तिनलाई 'हिमालयन क्लब' र 'स्वीस अल्पाइन क्लब' – को सदस्य क्रमैसित बनाए। यसै अवसरमा नेपालमा विरलै पाइने 'प्रतापवर्द्धक' – को तक्मा दिएर नेपालका राजाले तिनलाई सम्मान गरिबक्सियो। नेपालका शासनको यो दूर दर्शिताको असल परिचय हो। यस्तो तक्मा दिन् नै नेपाल माताले अफ्ना प्रिय पुत्रलाई सगुण खुवाएर शुभ कार्यमा पठाउन् हो।

(i) प्रथम स्वीस अभियान कहाँसित शुरु भएका थिए ? **1**

(ii) दोस्रौ स्वीस अभियानका नेतृत्व कसले प्रदान गरे ? **1**

(iii) स्वीस अभियानमा किन तेञ्जिड शेर्पालाई कुन कुन क्लबको सदस्य कसले बनाए ? **3**

(iv) अनुच्छेदको सार–सङ्क्षेप आफ्नो भाषा–शैलीमा प्रस्तुत गर्नुहोस्। **5**

**9** निम्नलिखि अवतरण ध्यानपूर्वक पढ़ी तलाका प्रश्नहरूको उत्तर लेख्नुहोस्ः

आनन्दको एक कुटी छ झोपड़ी
पुगिन्छ त्यसमा शिर शैलको चढ़ी
समीरको खेल खुला वरिपरि
अनन्त आकाश नीलो शिरोपरि॥

(i) आनन्द प्राप्त गर्नेको रहस्य के हो ? **2**

(ii) कविले कसलाई र कसरी 'सन्तोषम् परम सुखम्' को मन्त्र दिइएका छन्। **3**

(iii) कवि र कविताको नाम लेख्नुहोस् **2**

(iv) उपर्युक्त पद्यांशको भावार्थ लेख्नुहोस् **4**



Unnati Educations
9899436384, 9654279279

**10** निम्नलिखित कुनै **तीनवटा** प्रश्नहरूको उत्तर लेख्नुहोस्: **3×2=6**

(i) 'मृगतृष्णा' को कथावस्तुका विशेषताहरू के के हुन ?

(ii) कसले र किन ब्राह्मणको भेष बदलिए आए ?

(iii) धर्मले के उपदेश दिन्छ ?

(iv) नागाभूमिले के–के घेरिएको छ ?

**11** निम्नलिखित कुनै **दुइवटा** प्रश्नहरूको उत्तर लेख्नुहोस्: **2×5=10**

(i) मानवजीवन र साहित्यको सम्बन्ध खुलस्त गर्नुहोस्।

(ii) 'त्रिकोण' एकाङ्की को प्रदीपका चारित्रिक विशेषताहरू स्पष्ट गर्नुहोस्।

(iii) 'पद्मा' कथाबाट पाइने शिक्षा प्रस्तुत गर्नुहोस्।

**12** दुर्व्यसनवाट टाढ़ा रहने चेतावनी दिँदै छात्रावासमा भएको आफ्नो भाईलाई एउटा पत्र लेख्नुहोस्। **5**

**अथवा**

पुस्तकालयमा पुस्तकहरूको अभावबारे प्रधानाचार्यलाई एउटा पत्र लेख्नुहोस्।

**13** निम्नलिखित कुनै **एक** विषयमाथि निबन्ध लेख्नुहोस्: **8**

(i) सोशल मीडियाको महत्व

(ii) मूल्यवृद्धि अनि जनजीवन

(iii) मेरो जीवनादर्श

(iv) आजको नेपाली समाज : सामर्थ्य र कमजोरी



Unnati Educations
9899436384, 9654279279